Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४७ | वि.सं. २०८३ जेठ १६ शनिवार | नेपाल संवत: ११४५, ज्येष्ठ शुक्ल चतुर्दशी | Saturday 30 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

**संघीय बजेटमा कर्णाली :**

# पुरानै योजना प्राथमिकतामा पर्दा खुलेन बजेटको अंक

**कर्णालीको पूर्वाधार विकासमा रणनैतिक महत्व राख्ने आयोजनालाई सरकारले प्राथमिकतामा राखेको भएपनि अर्थमन्त्री वाग्लेले बजेटको अंक भने खुलाएका छैनन् । २३-२४ भदौको जेन-जी आन्दोलनपछि गएको २१ फागुनमा सम्पन्न आमनिर्वाचनबाट बहुमतको सरकार बनाएको रास्वपाले आफ्नो बजेटमा समावेश गरेका कर्णालीका योजना कार्यान्वयनमा लैजान्छ वा विगतकै परिपाटी दोहोऱ्याउछ, त्यो हेर्न केही समय पर्खनु पर्नेछ ।**

**ओम शाही**
**सुर्खेत, १५ जेठ ।**

वालेन्द्र शाह (बालेन) नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारले आफ्नो पहिलो बजेट सार्वजनिक गरेको छ । शुक्रबार अर्थमन्त्री स्वर्णिम वाग्लेले राष्ट्रियसभा र प्रतिनिधिसभाको संयूक्त बैठकमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट सार्वजनिक गरेका हुन् । मन्त्री वाग्लेले आय व्ययसहित २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका हुन् ।

जसमध्ये खर्चको स्रोत व्यहोर्ने स्रोततर्फ राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड रुपैयाँ व्यवस्थापन गर्ने जनाएको सरकारले वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड व्यहोर्ने अनुमानित आँकडा प्रस्तुत गरेको छ । संघीय सरकारले प्रस्तुत गरेको बजेटमा कर्णाली प्रदेश मिश्रित रुपमा समेटिएको छ । अर्थमन्त्री वाग्लेले प्रस्तुत गरेको बजेटमा केही बाहेक अधिकांश विगतकै योजना प्राथमिकतामा परेका छन् । विगतका सरकारहरुले अघि सार्ने तर कार्यान्वयनमा नजाने योजनालाई वर्तमान सरकारले प्राथमिकतामा राखेको छ । विशेष गरी कर्णालीका ठुला सडक पूर्वाधारलाई विगतका सरकारले प्राथमिकतामा राख्ने गरेको भएपनि बजेट न्यून हुँदा अपेक्षाकृत लक्ष्य हासिल गर्न नसकिएको अवस्था छ ।

कर्णालीको पूर्वाधार विकासमा रणनैतिक महत्व राख्ने आयोजनालाई सरकारले प्राथमिकतामा राखेको भएपनि अर्थमन्त्री वाग्लेले बजेटको अंक भने खुलाएका छैनन् । २३(२४ भदौको जेन(जी आन्दोलनपछि गएको २१ फागुनमा सम्पन्न आमनिर्वाचनबाट बहुमतको सरकार बनाएको रास्वपाले आफ्नो बजेटमा समावेश गरेका कर्णालीका योजना कार्यान्वयनमा लैजान्छ वा विगतकै परिपाटी दोहोऱ्याउछ, त्यो हेर्न केही समय पर्खनु पर्नेछ ।

अर्थमन्त्री वाग्ले आगामी वर्षदेखि कर्णालीका सडक पूर्वाधारलाई प्रमुख पर्यटकीय क्षेत्रसँग जोडेर जटिबुटी, जलविद्युत, पर्यटन र खानीजन्य क्रियाकलापलाई अघि बढाउने घोषणा गरेका छन्न । यो सरकारले ल्याएको नयाँ कार्यक्रम हो । जसमा मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, कर्णाली राजमार्ग, भेरी कोरिडोर र रारादेखि जुम्ला हुँदै फोक्शुण्डोसम्मको कर्णाली चतुर्भुजमा जडीबुटी, जलविद्युत, पर्यटन र खानीजन्य क्रियाकलापले प्रश्रय पाउने व्यवस्था मिलाउने सरकारले घोषणा गरेको छ । यस्तै, संघीय सरकारले कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत-जुम्ला-गमगढी सडकको स्तरोन्नतिको लागि एक अर्ब बजेट व्यवस्था गरेको छ । आगामी वर्ष कर्णाली कोरिडोरको ३१ किलोमिटर कालोपत्रे र भेरी कोरिडोरको स्तरोन्तीको योजना पनि संघीय सरकाले अघि सारेको छ । कर्णालीको जनजिवनलाई सहज बनाउन जाजरकोटको मुसामदेखि जुम्लाको टोपला र बाँकेको चिसापानीदेखि सुर्खेतको बबईसम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने योजना पनि अघि सारिएको छ । यी दुवै योजना पुरानै हुन् ।



## सुर्खेत विमानस्थल विस्तारको पुनः चर्चा

संघीय सरकारले सुर्खेत विमानस्थललाई विस्तार गर्ने योजना पुनः अघि सारेको छ । प्रदेश सरकार स्थापना भएयता संघीय सरकारको बजेटमा निरन्तर समावेश हुँदै आएको तर विस्तार नभएको विमानस्थललाई पुनः विस्तार गर्ने योजना संघीय सरकारले अघि सारेको हो । अर्थमन्त्री वाग्लेले प्रदेश सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थल विस्तार गर्ने योजना अघि सारेका हुन् । यस्तै, मन्त्री वाग्लेले मुगुको ताल्चा विमानस्थल स्तरोन्तीको योजनासमेत अघि सारेका छन् । यी योजना पनि पुरानै हुन् ।

सरकारले आगामी वर्षदेखि दैलेखको भैरवी गाउँपालिका-१, जलजलेस्थित पेट्रोलियम पदार्थलाई सिघ्र व्यवसायिक उत्पादनमा लैजाने घोषणा गरेको छ । यस्तै, ४७० मेगावाटको नलगाड र कर्मचारी संचय कोषका संचयकर्तासमेतको लगानीमा बन्न लागेको ४३९ मेगावाटको वेतन कर्णाली जलविद्युत आयोजना निर्माण गर्ने ठेक्का प्रक्रिया अघि बढाउने योजना पनि अघि सारिएको छ । यस्तै, कर्णाली कोरिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिनेदेखि राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरणलाई तीब्रता दिने सरकारको योजना छ ।

भेरी बबई डाइभर्सन आयोजनाको हेडवक्स आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने घोषणा पनि संघीय सरकारले गरेको छ । सुर्खेतमा आगामी तीन वर्षभित्र दुई

बाँकी ३ पेजमा

# कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण आजदेखि

**युग संवाददाता**
**सुर्खेत, १५ जेठ ।**

कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण शनिबार (आज) देखि आयोजना हुने भएको छ । श्री ज्योति फाउन्डेशनको आयोजनामा बालिका, किशोरी तथा महिलामाथि हुने लैङ्गिक विभेद, बालविवाह, छाउपडी कुप्रथा, घरेलु हिंसा, यौन दुर्व्यवहार र मानव बेचबिखनलगायत सामाजिक कुरीतिविरुद्ध आवाज उठाउने उद्देश्यसहित कर्णाली छोरी सम्मेलन-२०८३ को दोस्रो संस्करण आयोजना गर्न लागिएको हो ।

शुक्रबार जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा श्री ज्योति फाउन्डेशनका अध्यक्ष ज्योति कटुवालले सम्मेलनको सम्पूर्ण तयार पुरा भएको बताइन ।

सम्मेलन शनिबार र आइतबार (१६ र १७ जेठ) सम्म सुर्खेतको वीरेन्द्रनगरनमा सञ्चालन हुनेछ । सम्मेलनमा कर्णाली प्रदेश का ७९ वटै स्थानीय तहबाट दुई-दुई जना छोरीहरूको सहभागिता रहनेछ । साथै राउटे, राजी, कुसुण्डा, बादी र बोटे समुदायका छोरीहरू, अपाङ्गता भएका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका सहभागी गरी करिब दुई सय ५० भन्दा बढीको उपस्थिति रहने फाउन्डेशनका अध्यक्ष कटुवालले जानकारी दिइन । सम्मेलनको मुख्य उद्देश्य लैङ्गिक तथा जातीय विभेद, महिला हिंसा, बालविवाह, घरेलु हिंसा, मर्यादित महिनावारी र छाउपडीजस्ता विषयमा व्यापक छलफल गर्नुका साथै सम्मेलनबाट प्राप्त निष्कर्षलाई तीन तहका सरकारसमक्ष सुझावका रूपमा प्रस्तुत गर्नु रहेको उनले बताइन ।

उनका अनुसार दुई दिने सम्मेलन अवधिभर कर्णालीका ८५ जना छोरीहरूले आफ्ना जीवन संघर्षका अनुभव प्रस्तुत गर्नेछन् । सम्मेलनमा विज्ञहरूले सार्वजनिक नीति निर्माणसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गर्नुका साथै विभिन्न प्यानल छलफल सत्रसमेत सञ्चालन हुने कार्यक्रम छ । फाउन्डेसनले यसअघि २०८२ वैशाख २७ देखि २९ गतेसम्म पहिलो कर्णाली छोरी सम्मेलन सम्पन्न गरेको थियो । उक्त सम्मेलनमार्फत प्रदेशस्तरीय कर्णाली छोरी सञ्जाल गठन गरिएको थियो भने प्रदेशका ७९ वटै स्थानीय तहमा पालिकास्तरीय छोरी सञ्जाल गठन गरी ६ सय ६९ जना छोरीहरूलाई सञ्जालमा आबद्ध गरिएको फाउन्डेसनले जनाएको छ ।

यस्तै, फाउन्डेसनले जाजरकोट भूकम्प प्रभावित तथा विपन्न छोरीहरूको शिक्षाका लागि छात्रवृत्ति कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ । फाउन्डेसनले हरेक वर्ष १५ जना भूकम्पपीडित र १५ जना विपन्न छोरीहरूलाई कक्षा १२ सम्म अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गर्दै आएको फाउन्डेशनका अध्यक्ष कटुवालले जानकारी दिइन ।

# प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढ्दो

**युग संवाददाता**
**बाँके, १५ जेठ ।**

पढ्दापढ्दै रोजगारीको अवसर मिल्ने भएपछि प्राविधिक शिक्षा अध्ययनमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ । पढाइ सकिएपछि जागिर खोज्न भौँतारिनुपर्ने आम युवाको नियति बनिरहँदा प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीले पढ्दापढ्दै रोजगारी पाउने भएकाले अध्ययनमा आकर्षण बढ्दै गएको नेपालगन्जस्थित भेरी प्राविधिक शिक्षालयकी प्रिन्सिपल आशाकुमारी श्रेष्ठले बताए ।

उनका अनुसार, पश्चिम नेपालकै प्राविधिक शिक्षाको केन्द्र मानिने यस शिक्षालयमा बाँके र बर्दियामात्र

बाँकी ४ पेजमा

## बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं ।
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानी र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

कथा :

# वि.सं. २१७१ को महाविपत्ति



नरेन्द्र पराशर

*सरकारले सतर्क रहन र आवश्यक सुरक्षा विधि अपनाएर बस्न आकस्मिक सूचना जारी गरिरहेको थियो ।*

चुरे र महाभारत पहाडबीचको होचो उपत्यकामा पैंतीस घर छरिएर बनेको सानो गाउँ थियो- मल्थली । माथि पहाडमा वनजंगल जोगाएर, स-साना धेरै पोखरीहरू खनेर बर्खाको पानी जम्मा गर्न थालेको धेरै वर्ष बितिसकेको थियो । मल्थलीमा पानीको अभाव थिएन । यो तामाङबहुल गाउँमा पाँच घर खतिवडा बाहुन, चार घर बस्नेत क्षेत्री, दुई घर मगर र एक घर विश्वकर्माको बसोबास थियो । बाँकी मान्छेहरू उहिल्यै शहर पसिसकेका थिए ।

मल्थलीको पूर्वी किनारमा एउटा माध्यमिक विद्यालय थियो । दक्षिण किनारमा नगर अस्पताल थियो । उत्तर किनारमा ठूलो होटेल थियो र पश्चिम किनारमा बौद्ध गुम्बा थियो । माथि डाँडामा हावाबाट बिजुली निकाल्ने पंखा सुस्तरी घुमेको देखिन्थ्यो । यी पाँचवटा विशाल संरचनाले मल्थलीलाई अत्यन्त शोभायमान बनाएका थिए । यी सबै संरचनालाई गाउँसित जोड्ने सफा पिच बाटो थियो । सबैका आँगनमा निजी सवारी साधन राखेको देखिन्थ्यो । बाटाको दायाँबायाँ पैदलपथसँगै फूलका बोटहरू प्रसन्न देखिन्थे । कहीँ फोहर थिएन ।

विद्यालयमा नेपालीसहित आफ्नो रुचिले तामाङ, संस्कृत, मगर भाषासमेत पढाइन्थ्यो । शिक्षकहरू ऐच्छिकरूपले यिनै भाषामा इतिहास, विज्ञान, आयुर्वेद, वातावरण, कृषि, वन, पशु विज्ञान लगायतका विषयहरू पढाउँथे । अनेक प्रयोग गर्थे । दुर्लभ धातुको चिनारी, तिनको महत्त्व र प्रशोधनसम्बन्धी प्रारम्भिक ज्ञान पनि त्यहाँ दिइन्थ्यो ।

युवायुवतीहरू स्वस्थ, फूर्तिला, जाँगरिला र हँसिला देखिन्थे । बुढाबुढीहरूको अनुहारमा उमेरङ्कित पाकोपन देखिए पनि कुपोषणको लक्षण हुँदैनथ्यो । महिलाहरू उज्याला र राम्रा देखिन्थे । बालबच्चाहरू पनि सुन्दर र आकर्षक थिए ।

बुढापाकाहरू गाउँको बीचमा रहेको बगैंचामा ठूलो बोर्डमाथि चेस, बाघचाल खेलेर ध्यानस्थ हुन्थे । उनीहरूका गफका विषय, नयाँ केटाहरूले गर्ने नयाँ खोजसँग सम्बन्धित हुन्थ्यो । बाघचाल खेल्दै गरेका दावा तामाङले एक साँझ साथीलाई भने, "गाउँमा आएको सुन्दरश्रीको छोरो विक्रमले उस्तै परे ठूलै पुरस्कार हात पार्न सक्छ ।"

"के गर्दैछ त्यो अचेल ?"

"चाइनाको ठूलो युनिभर्सिटीमा पढेर आएको हो । नाम राख्ला ।"

यही बेला टुप्लुक्क आइपुगेका सबैभन्दा बूढा फूलमान ब्लोनले भने - " देउती बजैको मूर्तिमा एक्स रे गर्ने कुरा गर्दैछ त्यो । गुम्बामा राखेको देउती बजैको मूर्ति दुईटा ढुंगा मिलाएर बनाइएको छ । उहिले तिब्बती लामाले प्राण भरेका छन् । त्यसलाई यन्त्र मेसिनले दुःख नदेऊ, त्यसो गर्नु हुँदैन भनेको, हाँसेर हिँड्यो । त्यसले विनाश ल्याउन सक्छ भन्ने कुरा उसलाई के थाहा हुन ? कताबाट ल्याओस् पुरस्कार ।"

सबै गलल हाँसे ।

स्थानीय कफी उद्योगका मालिक श्रीनाथ मिति २१७१ साल माघ अठार गते सोमबार बिहान पाँच बजे अँध्यारैमा उठेर शौचालय गए । शौचालयमा बत्ती बलिरहेको थियो । त्यहाँ उनले एउटा अनौठो कीरो देखे ।

टाउको छाती र पेट प्रष्ट देखिने पछाडिका लामा र अगाडितिर क्रमशः साना हुँदै आएका फट्यांग्राका जस्ता खुट्टा, टाउकोमा मसिना जुँघा, ठूला आँखा, साङ्लाको जस्तो रङ देखेर उनी एकछिन छक्क परे र फेरि नियालेर हेरे । पातलो थेप्चो शरीर, पुच्छर थोरै देखिने र त्यसको टुप्पोमा थोरै सेतो रङ थियो । उनले जीवनमै पहिलोपटक यसप्रकारको कीरो देखेका थिए ।

उनलाई रमाइलै लाग्यो र किराको बारेमा अध्ययन गर्दै गरेको छिमेकी विश्वभक्त खड्काको छोरो डा.अनन्तलाई सोध्नुपर्ला भनेर बाहिर निस्किए ।

उनी किचनमा गएर चिया बनाउने तयारी गर्दै थिए । फोन आएको सङ्केतपछि उनले उठाए,

"ए भाइ कीरो त खतर्नाक रहेछ ! त्यता पनि आयो ?"

"कस्तो कीरो ?"

"त्यै क्या कीथ्रे कनसुतलो । खुट्टा फट्यांग्राको जस्तो छ । पुच्छरमा पिलपिल बल्ने, छोयो भने सिस्नोले पोलेजस्तो हुन्छ रे । पोल्ने तातो हुन्छ रे । यता त सबैतिर ढाकिसक्न लाग्यो । के भयो यस्तो ?"

"भर्खरै यहाँ पनि बाथरूममा देख्न त देखेको थिएँ त्यस्तै कीरो । के भयो र ?"

"के भयो रे ? उता पूरै गुम्बा, होटेल सबै ढाक्न लागिसक्यो। औषधी हान्ने टोली लिन गएका छन् केटाहरू । त्यसलाई नछुनू है । फेरि एउटा दुइटा हो र ! सलहसरह छन् । यता त कतै बसिनसक्नु हुन लागिसक्यो ।"

मेरो घर पनि हेर्दा हेर्दै किराले ढाक्यो । हजारौँ लाखौँ किराहरू सलबलाएर घर, कोठा चारैतिर फैलिएपछि भयङ्कर आतङ्क छायो । म घरमा एक्लै थिएँ । फोन लगातार आइरहेको थियो । किरा नकुदेको कुनै ठाउँ बाँकी थिएन । केहीबेर भ्याक्युम क्लीनरले तान्न खोजेँ । तर सम्भव भएन । कीटनाशक औषधी स्प्रे गरेँ, केही पार लागेन । कतै सुरक्षित उभिने ठाउँसम्म रहेन । अनि म पनि आत्तिएँ । के भइरहेको थियो मलाई थाहा भएन । तर किराको संख्या झन् झन् बढिरहेको थियो ।

बिहान दशबजेसम्ममा पूरै गाउँलाई किराले ढाकिसकेर गाउँको सीमा काटिसकेको थियो । सबैजना गाउँलेहरू वनतिर पस्न थालेका थिए । कोही गाडी लिएर अन्तै कतै जाँदै थिए । कुकुर बिरालाजस्ता घरपालुवा जन्तुहरू कराउँदै डराउँदै भाग्न थाले । कुनै प्रकारले किराको सम्पर्कमा आएका थुप्रै मान्छेहरू पोल्ने, चिलाउने समस्याले ग्रस्त भइसकेका थिए । सरकारले सतर्क रहन र आवश्यक सुरक्षा विधि अपनाएर बस्न आकस्मिक सूचना जारी गरिरहेको थियो । दिउँसो एक बज्दा नबज्दै सरकारी मान्छेहरू आए ।

तर किराहरू भगाउने उनीहरूसँग केही कडा प्रकारका औषधीहरूबाहेक थप केही विधि थिएन । त्यो औषधीले पनि काम नगरेको भनेर दुई बज्दा नबज्दै उनीहरू जसरी हतारमा साइरन बजाउँदै आएका थिए उसै गरी फर्किए ।

यो सरकारी टोली फर्किएलगत्तै अर्को टोली आइपुग्यो । उनीहरू पाँच किलोमिटर पर हेलिड्रोनमा उत्रिएर डा. अनन्तको गाडीमा गाउँ आएका थिए । डा. अनन्त देशकै कीटविशेषज्ञ थिए । उनलाई किराको बारेमा थाहा नभएको कुरा केही थिएन । कतिसम्म भने, मानौँ ऊ सबै प्रकारका किराहरूसँग साथी जसरी कुरा गर्नसक्थ्यो । किराहरूका बारेमा उसले जान्न बाँकी कुरा थिएन ।

यसबीचमा एकजना सुत्केरी महिलाको नवजात शिशु अस्पतालमा यो किराको डसाइबाट मरिसकेको खबर फैलिएको थियो । सहस्र किराको प्रवेशले अस्पतालका औजार उपकरणहरू पनि काम नलाग्ने गरी बिग्रिएको खबर पनि चलिहाल्यो ।

सानो र मनोरम मल्थली गाउँ खाली भयो । म जंगलको उपल्लो स्थानमा केही साथीहरूसँग पुगेको थिएँ । संयोगले हामी बसेको टुप्पोमा यी किराहरू आइपुगेका थिएनन् ।

डा. अनन्तले किरा पक्डिएर सिसाको बट्टामा बन्द गर्न सफल भए भन्ने हल्ला फेरि चल्यो । यो कुरालाई बडो सफलताको रूपमा सरकारी सूचना माध्यमबाट पनि प्रसार गरिएको थियो । हामीलाई पनि उसैको भर थियो ।

यस किराको नाम नै 'मल्थली किरा' भनेर हल्ला फैलियो । यसमा हाम्रो सानो र प्यारो गाउँको के दोष थियो हामीलाई थाहा थिएन । देशका अरू भागबाट समाचार आउँथे कि केमिकल औषधीले हुँदैन । लसुन कुटेर छर्कियो भने भाग्छ । कसैले भन्थे, तेजपत्ता उमालेर त्यसको पानी छर्कियो भने पनि भाग्छ । कसैले भन्थे, गाईको गहुँतमा निमपत्ता भिजाएर छर्कियो भने भाग्छ । टाढाका मानिसहरूलाई रमाइलो भइरहेको थियो । तर मल्थलीका गाउँलेहरूको उठिबास लागेको मात्र थिएन एकजनाको मृत्यु र अन्य आठजनालाई उपचारका लागि बाहिर लगिएको थियो । बाँकी मान्छेहरू जंगल पसेका थिए ।

डा.अनन्तको टोलीले केन्द्रीय कीटानुसन्धान संस्थानमा यस किराको गम्भीर अनुसन्धान गरिरहेको र यसबाट बच्ने उपाय पत्ता लगाउन सम्पूर्ण विशेषज्ञ टोली दत्तचित्तले खेटेको समाचार थपियो । बिस्तारै साँझ पर्न थाल्यो । किराको विस्तार हाम्रो गाउँबाट छिमेकी गाउँ हुँदै शहर पस्न थालेको खबर फैलियो ।

सयौँको संख्यामा होइन । हजारौँको संख्यामा मात्र पनि होइन । लाखौँ करोडौँको संख्यामा द्रुततर गतिमा फैलिएर किरा त खोलो नै बगेजसरी अगाडि बढिरहेका थिए ।

संयोगले यी किराको पखेटा थिएन । तर भित्तामा चढ्ने, उफ्रिन सक्ने र साना साना चरहरूबाट पनि सजिलै छिर्नसक्ने भएकाले यस किराको पहुँचबाहिर केही थिएन । यसले के खान्थ्यो कसैलाई थाहा थिएन ।

बेलुकातिर ६ बजेतिर अँध्यारो भइसकेको थियो । हामी जाडोले काँप्न थालिसकेका थियौँ । खानेकुरा र पानी पनि थिएन । किनभने हर्षमानले ल्याएको मीठारोटी र चिया पनि सक्किसकेको थियो । हाम्रा फोन विशेष ब्याट्रीबाट चल्ने हुनाले सञ्चार मात्र भइरहेको थियो । थप सहयोग जुटाउन मानिस बसेको पहाडका टुप्पामा ड्रोनबाट खाना पानी र न्यानो लुगा खसाउने तयारी हुँदैछ भन्ने सूचना प्राप्त भइरहेको थियो ।

फेरि अर्को खबर फैलियो । आगोले पनि यो किरा मर्दो रहेनछ । भो फसाद । अब अर्को कुनै उपाय बाँकी रहेजस्तो लागेन । फेरि हल्ला फैलियोः थप तीन जना बालकको मृत्यु अन्य कैयौँ घाइते ।

म सोचिरहेको थिएँ । कीट विशेषज्ञ डा. अनन्त के गर्दैछ ? उसको टोली के गर्दैछ ? के उनीहरू यो किरा नियन्त्रण गर्ने उपाय पत्ता लगाउन सक्छन् ? यदि सकेनन् भने ? अब हामी एउटा सानो तर भयंकर क्रीराको त्रासले भागी भागी कहिलेसम्म हिँड्नु पर्ने हो ?

अँध्यारो भएसँगै सबैतिर जुनकिरीजस्तो धिपधिप उज्यालो देखिन थाल्यो । जहाँ जहाँ ती किराको घनत्व बढी थियो त्यहाँ त्यहाँ चम्किलो उज्यालो देखिन्थ्यो । यसले देखाउँथ्यो कि यी किराहरू कहाँ कहाँसम्म फैलिइसकेका छन् । पूरा गाउँ र आसपास हुँदै सबैतिर जहाँ खाली जमिन थियो त्यहाँ त्यहाँ ती किराहरू चम्किइरहेका थिए ।

राति आठ बजे ड्रोनले तयारी खानेकुरा, पानी, केही लुगा, ओछ्याउने म्याटहरू र भूलहरू पनि झारिदियो । हामीले दिन नढल्दै भुइँ सफा गरेर राखेका थियौँ । त्यहीँ हामीले सुत्ने तयारी गर्यौं ।

यताउता कतै किरा आइसक्यो कि भनेर हामी डराइरहेका थियौँ । तर त्यहाँ संयोगले वा कुनै दैवी शक्तिको कारणले किरा थिएनन् । गाउँमा स्वचालित सौर्य बिजुली बत्ती बलेको थियो । त्यता बेला बेला मानिस कराएको, सरकारी गाडीहरूको आपतकालीन साइरन बजेको सुनिन्थ्यो । त्यति छोटो दूरीमा रहेर पनि हामी आफ्नै घर जान सकिरहेका थिएनौँ । घरका परिवारहरू यत्रतत्र अवस्थाअनुसार छरिए पनि कुनै अप्रिय घटना घटेको थिएन । सबै सुरक्षित नै रहेको फोनमा कुराकानी भइरहेको थियो ।

रात यसै उसै समाचारहरू हेरेर बित्यो । सरकारले हाम्रो शासन जनपद(जिल्ला)भरी सङ्कटकाल घोषणा गरेको थियो ।

बिहान फेरि सरकारी सूचना आयो । को कहाँ बसेको छ दिइएको कोडमा सम्पर्क गर्नू । हामीले सम्पर्क गर्यौं । केहीबेरपछि नौवटा ड्रोन नजिकै आएर कुर्सी खसाले र मसहित सबै जना आ-आफ्ना ड्रोनमा झण्डै बीस मिनेट हावामा श्वास रोकेर उडिरह्यौँ । र लेकाली जंगलको टुप्पोमा उत्रियौँ । त्यहाँ मान्छेका मेला लागेको थियो । सबै किंकर्तव्यविमूढ भएका थिए । हतप्रभ भएका थिए । कसैलाई केही सुझिरहेको थिएन । सबैका अनुहार असहाय र भयभीत देखिँदै थिए ।

खासमा बिहान उज्यालो भएसँगै किराहरू जंगल पसेको सूचना आएको रहेछ । तर यो कुरा हामीलाई थाहा थिएन । किनभने हामी जहाँ बसेका थियौँ त्यहाँ किराहरू थिएनन् । हजारौँ मानिसहरूको चिल्लीबिल्ली भएको खबर फैलिइरहेको थियो । अहिलेसम्म प्रतिघण्टा एक सय वर्ग किलोमिटरको दरले किराहरू फैलिँदै गएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले बताइरहेका थिए ।

थप आञ्चलिक क्षेत्र हुँदै पूरै देशमा सङ्कटकाल घोषणा भयो । तर किराहरूलाई न त गोली हान्न मिल्थ्यो न त बम बारूद प्रहार गर्न । न त यी किराहरू तातोपानीले मर्थे न त आगोले पोल्न डढाउन सकिन्थ्यो । कतिसम्म भने, जहाँ जुन अङ्ग टुक्रिन्थ्यो त्यहीँबाट केही क्षणमै अर्को कीरो बन्थ्यो भन्ने हल्ला चलिरहेको थियो ।

घरबारविहीन जनसंख्या बढ्दै जाँदा सरकार पनि शायद आत्तिन थालिसकेको थियो । अन्तर र्ष्ट्रिय सहयोगको अपील गरेको खबर आएपछि हामी झन् आत्तियौँ । अब फोनले काम नगर्न सक्छ, ड्रोनहरू ठप्प हुनसक्छ, बिजुली समाप्त हुनसक्छ, धेरै किराहरू एकै ठाउँमा थुप्रिए भने बम जसरी पड्किन सक्छन् जस्ता उदेकलाग्दा हल्लाहरू चल्न थाले । एकपटक त यो किराले टोकेको मान्छे पनि किरा नै भएको हल्ला चल्यो । सरकार भने हल्लाहरूबाट प्रभावित नहुन अनुरोध गरिहेको हुन्थ्यो । तर डरलाग्दा हल्लाहरू एकतमासले क्षण क्षणमा चलिरहन्थे ।

दोस्रो रात पनि जसोतसो जङ्गलमै बित्यो । एउटा जनपद मात्र होइन, देशकै एकतिहाइ भाग अब यो किराको प्रकोपबाट प्रभावित भएको थियो । विदेशी सहयोग टोलीहरू आउन थालेको खबर चल्दै थियो । तर अजम्मरी किराको नियन्त्रण कसरी होला भनी हामी चिन्तित थियौँ ।

ड्रोनले ओसारेर कति दिन खाना पुर्याउन सकिन्छ र ! पानी कसरी पुर्याउन सकिन्छ र ! सरकार फारुतिनो गरी सामग्रीहरू प्रयोग गर्न अनुरोध गरिरहेको थियो । उता किराको घनघोर बाढीले थप क्षेत्र डुबाउँदै लगेको थियो । थप बच्चाहरूको मृत्युको खबर आइरहेको थियो ।

एउटा बच्चालाई किराले एघार मिनेटमै खाइसकेको हल्लाले जनमानस अकल्पनीयरूपले अत्तालिएको थियो ।

मान्छे कति निरीह रहेछ भन्ने कुरा मैले त्यसबेला थाहा पाएँ । त्यसभन्दा अघि म मान्छे र मान्छेले गरेको विकासको कुनै तुलना हुन सक्दैन भनेर छाती चौडा पारेर कुरा गर्थें । तर त्यस क्षण म बिलकूल हतप्रभ थिएँ ।

सबै आपातकालीन अवस्थालाई नियन्त्रण गर्न र जनताको सुरक्षा गर्न सरकार सक्षम रहेको, पर्याप्त खाद्यान्न, पानी औषधी, ड्रोन र अन्य आधारभूत सामग्रीहरू सञ्चित र सुरक्षित रहेको सूचना प्रसारण गरेर सरकारले जनतालाई ढाडस दिँदै थियो ।

२१७१ माघ २३ गते शनिबारसम्म हामी त्यहीँ जंगलमा बस्यौँ । हामीले नुहाउन पाएका थिएनौँ र नजिककमा पानी थिएन । सौभाग्यको कुरा थियो कि त्यस दिनसम्म त्यहाँ किरा आएका थिएनन् । हाम्रो देश एकप्रकारले हाहाकारको अवस्थामा पुग्यो । छिमेकी देशहरू अल्मलिएका थिए । त्यहाँका जनताले किराहरूलाई आफ्नो देशमा प्रवेश गर्न नदिन सरकारलाई चेतावनी दिइरहेका थिए ।

यही दिन हामी बसेको नजिकैको अर्को सिविरबाट तीनजनालाई सरकारले गिरफ्तार गरेको खबर आयो । यो कुरालाई सरकारले पनि पुष्टि गर्यो । किनभने सबैभन्दा पहिले उनीहरूले नै यो किरा गुम्बामा देखेका रहेछन् । यो गिरफ्तारीमा सुन्दरश्रीको छोरो विक्रम पनि परेको रहेछ जो गुम्बामा रहेको 'देउती बजै'को मूर्ति एक्स रे गरेर खै के पत्ता लगाउन चाहन्थ्यो ।

उक्त मूर्तिबाटै उक्त किरा प्रकट भएको रहस्यले फेरि एकपटक देश तातेर आयो । विक्रमले उक्त मूर्ति एक्स रे गर्दा मूर्तिभित्र कुनै जीवको अवशेषजस्तो लाग्ने छायाँ देखेको र मूर्तिलाई भुइँमा राख्न खोज्दा खसेर फुट्न गई उक्त किरा प्रकट भएको रहेछ । लगत्तै उनीहरूमध्ये एकजनाले उक्त किरा जुत्ताले किचिमिची पारिदिएपछि झण्डै बीस पच्चीस किराहरू तुरून्तै थपिएका रहेछन् । थप मार्दा किराहरू झन् थपिएका र हेर्दाहेर्दै हजारौँ लाखौँ हुँदै गएपछि उनीहरू भयभीत भई घर आएर कुरा गरेका रहेछन् । यो कुरा सरकारको कानमा पुगेपछि प्रहरीले उनीहरूलाई अनुसन्धान गर्न टिपेर लगेको भनी सरकारले खुलासा गर्यो ।

देशको अवस्था दिनप्रतिदिन असामान्य हुँदै गएको थियो । मानवीय सहयोगका लागि विदेशी ड्रोन र खाद्यान्न आउन थालेका थिए । सरकारको विपक्षी शक्तिले विदेशी ड्रोन किन देशभित्र छिर्न दिइयो भनी कडा प्रश्न गर्दै बलियो दबाब सिर्जना गरेका थिए । सहयोगको नाममा देशको अस्मितामाथि खेलबाढ हुन थालेकोले सरकारले राजिनामा गरी कुर्सी त्याग गर्नुपर्ने भनी वक्तव्य निकाली सकेका थिए ।

घटना शुरु भएको १३ दिनपछि डा.अनन्तले किरा नियन्त्रण गर्ने विधि पत्ता लगाएको खबर फैलिएपछि जनमानसमा एकाएक आशाको सञ्चार भयो ।

केन्द्रीय कीटानुसन्धान संस्थानको अत्याधुनिक प्रयोगशालामा डा. अनन्तको नेतृत्वमा विशेषज्ञ टोलीले यो कीटको बारेमा दुई हजार पृष्ठको प्रतिवेदन तयार गरेको कुरा आयो ।

यो किरालाई उनीहरूको टोलीले नयाँ वैज्ञानिक नाम दिएको थियो दीप्तिकण्टक अष्टादशपादी । यसको आयु पन्ध्र करोड वर्ष रहेको र कडा ढुङ्गाभित्र कसरी सुरक्षित रहन गयो भनी थप खोजी हुने बताइएको थियो । यसको शरीरको बाहिरी क्युटिकल ँष्चभ बलम ज्भबतउचयया ऋजभ्फष्अर्बा ले निर्मित रहेको र यसलाई अन्य विषादीको असर नहुने, यसले मैथुनजन्य सन्तति उत्पादन गर्न सक्छ, तर सङ्कट वा आक्रमणको अवस्थामा यसको कुनै पनि अङ्ग विच्छिन्न हुन गए त्यसैबाट नयाँ शिशु-कीट उत्पन्न हुन सक्ने क्षमता रहेको र यही कारण यसलाई 'अनश्वरवंशधारी' पनि भन्न सकिने, पुच्छरमा चम्किलो द्युतिकरसार(लुसिफेरस बायोलुमिनेसेन्स) रहेको अठार खुट्टा भएको यस किराको यो रसायनबाट क्यान्सरप्रतिरोधी औषधी बनाउन सकिने बताइएको थियो । यो किराले टोक्दा वा यसको सम्पर्कमा आउँदा ' दाहज्वरिका' नामको हलुका विष शरीरमा प्रवेश गर्छ र शिशु वा कमजोर प्रतिरोधी क्षमता भएको मान्छे मर्न सक्नेछ । साथै यसको सम्पर्कमा आउँदा शरीर चिलाउने र सिस्नोले जस्तै पोल्ने गर्छ । यिनीहरूले त्याग गर्ने विशेष रासायनिक तत्त्वले तामाका तारहरू नष्ट गर्ने, सिसा फुटाउने र मानव निर्मित चुम्बकलाई नष्ट गर्नसक्ने कुरा पनि बाहिर आयो ।

तर यसलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने कुराको बारेमा हप्ता दिनभित्र पत्ता लगाउन सकिने खबरले मानिसहरूलाई धेरै राहत प्रदान गर्यो । यो खबरलाई कसैले हावादारी भने । कसैले सरकारको षड्यन्त्र भने । कसैले स्थिति आशा लाग्दो अझै छैन भने । कसैले किराको कहानी सुनाउने हैन, यसबाट बच्ने तरिका तत्काल ल्याउन सरकारलाई भनिरहेका थिए ।

किराको विस्तार र फैलावट सीमापार हुन थालिसकको थियो । त्यो रोकिएको थिएन ।

तर चैत तीन गते अर्थात् किरा प्रकट भएको अठारौँ दिन बिहान सात बजे सरकारले किरा

बाँकी ३ पेजमा

## विश्व

# युक्रेन युद्धको असर नाटोसम्म, रोमानियामा खस्यो रुसी ड्रोन

**बुखारेस्ट, १५ जेठ ।**

युक्रेन युद्धको असर नाटो सदस्य राष्ट्र रोमानियासम्म पुगेको छ । रुसले युक्रेनमाथि गरेको आक्रमणसँग सम्बन्धित एक ड्रोन पूर्वी रोमानियाको आवासीय भवनमा खस्दा २ जना घाइते भएका छन् । घटनापछि रोमानियाले नाटोसँग थप एन्टी-ड्रोन सुरक्षा क्षमता तत्काल उपलब्ध गराउन आग्रह गरेको छ ।

रोमानियाको रक्षा मन्त्रालयका अनुसार ड्रोनलाई देशको हवाई क्षेत्रमा राडारमार्फत निगरानी गरिएको थियो । त्यसपछि उक्त ड्रोन पूर्वी सहर गलाटीस्थित एउटा अपार्टमेन्टको छतमा खस्दा आगलागी भएको थियो । घटनामा २ जनालाई सामान्य चोट लागेको छ भने भवनका धेरै बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ ।

डेन्यूब नदी किनारमा रहेको गलाटी सहर मोल्दोभा र युक्रेन सीमाको नजिक पर्छ । घटनापछि प्रहरी, आपत्कालीन सेवा र अन्य निकाय तत्काल परिचालित भएका थिए । रोमानियाली सेनाले २ वटा एफ-१६ लडाकू विमान र एउटा हेलिकोप्टर परिचालनको अनुमति दिएको थियो भने स्थानीय बासिन्दालाई सतर्कता सन्देश पठाइएको थियो ।

घटनालाई रोमानियाको विदेश मन्त्रालयले अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन भनेको छ । मन्त्रालयले नाटोसँग गठबन्धनको हवाई सुरक्षालाई मजबुत बनाउन तथा एन्टी-ड्रोन प्रणालीको तीव्र आपूर्तिको मागसमेत गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | घुमफिर तथा मनोरञ्जनको समय छ । प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । |
| वृष | विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछख । समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला । |
| मिथुन | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । लक्ष्यअनुसार काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । |
| कर्कट | हिस्सेदारसँग असमझदारी बढ्नाले समस्या आउन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । |
| सिंह | पहिलेको सफलताले धन आर्जन हुनेछ । तर मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउनेछन् । |
| कन्या | बोलीको प्रभाव बढ्नेछ भने चिताएको काम सजिलै सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । |
| तुला | तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ । |
| वृश्चिक | खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । दिगो योजनाका लागि ऋण लिने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । |
| धनु | कर्मयोगको विशेष फल प्राप्त गर्ने समय छ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आयआर्जन बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ । |
| मकर | अवसर प्राप्त भए पनि आफ्ना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| कुम्भ | समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ । |
| मीन | शरीरमा कमजोरी तथा आलस्य अनुभूति हुनेछ । अवसरवादीहरूले फसाउने चेष्टा गर्नेछन् । आर्थिक लाभ नहुने जिम्मेवारी वहन गर्नुपर्ला । |

कथा :

# सम्बन्धको घाउ



✍ दुर्गा अधिकारी 'दृशी'

*मेरो मनमा पिरको गह्रुङ्गो भारी छ, तर बिसाउने ठाउँ कहीँ छैन, दिदी ! झन् एक्लो ज्यान हुँदा यो रुढीवादी समाजमा जसले पनि कुरा काट्ने ! जिउनै गाह्रो ।*

केहीदिनका लागि मेरो यात्रा पश्चिम दार्चुलासम्म हुने भयो । गर्मीको समय भएकाले हल्का सजिला कपडाहरू छनोट गर्दै झोला मिलाएँ । झोला भित्र केही सजिला खानेकुरा र पानीको बोत्तल राखेँ । घरमा ट्याक्सी आइपुग्यो । म बिदा भएँ । ट्याक्सी आफ्नो गन्तव्य कलंकीतिर हान्नियो ।

बिहानको लगभग ९ बजे । पाठशाला र कार्यालय जाने समय । त्यसैले ट्राफिक-जाममा परियो । गाडी छुट्नै लाग्यो भनेर चालकको फोन आउन थाल्यो । "आउँदै छु" भन्दै चालकलाई ट्याक्सी छिटो कुदाउन अनुरोध गरेँ । केही समय कुर्नु पर्दा सबै यात्री रिसाउन थालेका रहेछन् । केही नभनी गाडीभित्र छिरेँ । आफ्नो सिट खोजे र बसेँ ।

सँगैको सिटमा पनि महिला नै परिछिन् । खुशी लाग्यो र उनलाई भनेँ, "ल, हामी अपरिचित भए पनि दुवै महिला भएकाले कुरा गर्दै लामो बाटो काट्न सजिलो हुने भयो ।" उसले कुनै प्रतिक्रिया जनाइन । सेतो कुर्ता सुरुवालमा रातो सल ओढेकी उसले काँधमा सानो हाते ब्याग भिरेकी थिई । उसको सिटछेउमा कपडाको ठूलो ब्याग थियो । उसले आँखा छोपेर सुतेको अभिनय गरी । झट्ट हेर्दा मिलेको खिरिलो जिउडालकी, पढेलेखेकी र भद्र स्वभावकी लाग्ने ऊ उमेरले पचासको हाराहारीमा होली भन्ने अनुमान लगाएँ ।

गाडी अघि बढ्यो । म बाहिरको दृश्यमा आँखा डुलाउँदै रमिता हेर्दै थिएँ । बाहिर भर्खरै कालोपत्रे गरेको नयाँ सडकमा गाडी कुदेको दृश्य रमाइलो देखिन्थ्यो ।

गाडी रोकियो । खलासी भाइ गाडीबाट झर्दै बोल्दै थिए -

"ल है, खाजा खाने समय भयो । अब चिया-खाजा खाऊँ । बाथरुम जाने हो भने बाटो यता छ ।"

मलाई शौचालय जान निक्कै हतार परेको थियो । बाहिर निस्किन खोजेँ । उसले पनि निद्राबाट ब्यूँझिएझैँ गरेर जिउ तन्काई ।

"ट्वाइलेट यता, हातमुख धुने उता । तातो-तातो चिया, मिठो-मिठो नास्ता ।" होटलका कारिन्दाहरू गाडीको ढोका नजिक आएर यात्रुहरूलाई होटलतिर आकृष्ट गर्दै थिए ।

म गाडीबाट झरेर हात धुँदै थिएँ । ऊ पनि नजिकै आई । अँध्यारो मुखलाई पानी छम्केर उज्यालो बनाउन खोजी । कालो पोतिएको भए पो पानीले सफा पारेपछि अनुहार उज्यालो हुने थियो, तर पीडाले भरिएको अनुहार धुँदैमा कसरी उज्यालो हुनु र ? सेतो रङको छाला भए पनि अनुहार ग्रहणले ढाकेको देखिन्थ्यो ।

"आउनुहोस् !" - मैले उनलाई बोलाएँ ।

"बस्नुहोस् !" - मैले उसलाई आफू बस्न लागेको कुर्सीसँगैको नजिकैको कुर्सीमा बस्न इसारा गरेँ । अनि "चिया-खाजा के खाने ?" भनेर सोधेँ । अहँ, उसले अझै मुख खोलिन । ऊ कुर्सीमा बसी । मैले चना र चिया मगाएँ । उसका लागि "के मगाऊँ ?" भनेर फेरि सोधेँ ।

"जे भए पनि … " उसले छोटो उत्तर दिई । उसका लागि उसिनेको अण्डा र चिया मगाइदिएँ । खाइसकेपछि काउन्टरमा गएर मैले नै दुवैजनाको चिया र खाजाको रकम भुक्तानी गरेँ ।

"सम्झनाका लागि फोटो लिऊँ न है !" पसल बाहिर निस्केपछि मैले नै चासो दिएर दुवैको सेल्फी लिएँ । तर फोटोको पोज दिँदै मैले ङिच्च दाँत देखाएर हाँस्दा पनि ऊ चाहिँ चिन्तित मुद्रामै यथावत् रही ।

एकछिनमा गाडी गुड्यो । चालकले आधुनिक गीतको क्यासेट बजायो । स्वरसम्राट नारायण गोपालको गीत - "यो सम्झिने मन छ, म बिर्सूँ कसरी, तिमी नै भनिदेऊ ए जाने निठुरी…। "

"आहा ! क्या मिठो गीत !" मैले ऊतिर हेरेर गीतको तारिफ गरेँ । तर ऊ त अझै कालो अनुहार बनाउदै घोप्टो पो परी ।

घोप्टो परेको अनुहार साइडबाट प्रष्ट देखियो । ऊ आँशु झार्दै रहिछ ।

"तपाईंलाई के भयो ? मैले अघि नै भनिसकेको छु, हामी साथी भयौँ भनेर । मनमा कुनै चोट छ भने भन्नुहोस् । एउटा भनाइ छ - कसैलाई आफ्नो मनको पीडा सुनाउँदा मन हल्का हुन्छ रे ।" मैले सकेसम्मको मायालु स्वरले उसलाई सुम्सुम्याएँ ।

हामीभन्दा पछाडिका सिटका यात्रीले हाम्रो कुरा सुनिरहेका थिए । मैले उनीहरूलाई पुलुक्क हेरेँ, उनीहरूले हाम्रा कुरा नसुनेझैँ गरे ।

उसले आफ्ना भिजेका आँखाले मेरो आँखामा हेरी र बिस्तारै भनी - "दिदी, यो गाडी कहाँसम्म जान्छ ?"

मैले भनेँ, "दार्चुलासम्म जान्छ । तपाईं कहाँ जाने ?"

"खोइ कहाँ जान्छु, केही ठेगाना छैन दिदी । भाग्यले मलाई जता लैजान्छ, म त्यतै जान्छु ।"- उसले मलिनो स्वरमा जवाफ फर्काई ।

"हो र !" - अप्रत्यासित उत्तरबाट अचम्मित हुँदै म ट्वाल्ल परेँ । मनमा उसकै बारेमा अनेक थरी प्रश्न सल्बलाए पनि थप केही बोल्न मन लागेन । उसले कोही नभएका अनाथ वा अवसादग्रस्त वा विक्षिप्तले गर्नेजस्तो कुरा गरेपछि मेरो मनमा पनि करुणाको आँशु छचल्किरहेको थियो ।

यही बेला कन्डक्टर नजिकै आयो र सोध्न थाल्यो - "कहाँसम्म जाने ? टिकट छ ? भए टिकट देखाउनुस् ।"

उसको आवाजले मलाई भावुकताको तहबाट यथार्थ धरातलमा अवतरित गरायो । ब्यागबाट टिकट झिकेर कन्डक्टरलाई देखाएँ । उसले पनि "म नेपालगन्ज जाने हो" भनेर पैसा दिई ।

"तपाईंको घर कहाँ हो ?"- कन्डक्टरलाई पैसा दिएपछि उसले मलाई लक्षित गरेर गरेको प्रश्न थियो यो ।

मैले "काठमाडौं" भनेर छोटै उत्तर दिएँ । अनि थपें "तपाईंको नि ?"

उसले लामै उत्तर दिई मलाई - "मेरो घर छैन । आफन्त, साथीभाइ छन् । उनीहरूलाई भेट्न जाँदैछु ।"

"माइती जान लाग्नुभएको हो कि ?" मैले थप जिज्ञासा राखेँ ।

"माइती जान्नँ । बुढी आमा त हुनुहुन्छ तर आमासँग दाजुभाउजू पनि छन् ।"

"कहिलेकाहीँ त जान मन लाग्छ होला नि माइत ? किन नजाने ? आफ्नो जन्मघर, आफू हुर्केको, खेलेको घर । आफ्नो प्राणभन्दा प्यारो जन्मभूमिलाई कसरी बिर्सन सकिन्छ र ! आमाको न्याम्रो पनि लाग्छ होला नि ?" मैले सम्झाउने तरिकामा भनेँ ।

"त्यो त हो । तर मलाई दुःख भयो भनेर दाजुभाउजूलाई सुनाउनुभन्दा त बरु बाटोमा बसेर मागेर खान्छु । म आफ्नै खुट्टामा उभिएको र सरकारी जागिर खाएको मान्छे हुँ । भविष्यको फैसला मैले गर्ने हो । जिन्दगी बिताउने सवाल छ । मलाई एक वचन नसोधी, ढाँटेर, जेठो दाजुभन्दा पनि उमेरले जेठो केटासँग मेरो विवाह गरिदिए । त्यो मागी विवाह थियो । मभन्दा साना उमेरका केटीले उमेर मिल्दा केटासँग भागी विवाह गरेका थिए । तर मलाई भने … !" उसले आँखाबाट बरबर आँशु झारी ।

उसका आँखाबाट झरेका आँशु उसका हातमा खसे । त्यो आँशुलाई हातको औँलाले खेलाउँदै र सुँक्क-सुँक्क गर्दै ऊ आफ्नो मनको पिर मेरासामु ओकल्न थाली - "विवाहपछि पहिलो पटक माइती जाँदा बुढी आमाले 'ज्वाइँ कस्ता छन् ? माया गर्छन् कि गर्दैनन् ?' भनेर सोधिन् । मैले आँखाबाट आँशु झार्दै 'आमा ! तपाईंका ज्वाइँ उमेरले दाजुभन्दा जेठा छन् । हाम्रो उमेरको लामो अन्तर छ । हाम्रो कुरै मिल्दैन' भनेर सुनाएँ । मनमा अरू पनि थुप्रै दुःखका कुरा थिए । माइतीमा गएर आमालाई गुनासो पोखौँला अँगालो हालेर पिरहरूलाई मज्जाले पखालौँला भन्ने इच्छा लाग्थ्यो तर दुर्भाग्य, उल्टै पो भनिन् - 'उमेरले ज्वाइँ जेठा छन् भनेर पिर नमान्, मन नदुखा; भाग्यमानी रहिछस् तँ, आफूभन्दा बुढाले झन् धेरै माया गर्छन् ।' त्यसैले माइत जान मनै लाग्दैन । बरु परचक्री नै आफ्ना लाग्छन् । मेरो मनमा पिरको गह्रुङ्गो भारी छ, तर बिसाउने ठाउँ कहीँ छैन, दिदी ! झन् एक्लो ज्यान हुँदा यो रुढीवादी समाजमा जसले पनि कुरा काट्ने ! जिउनै गाह्रो । त्यसमाथि दुई जना…"

ऊ एकछिन रोकिएर फेरि बोल्न थाली - लोग्नेस्वास्नीको उमेर नमिलेको देखेपछि उमेरदार मानिससँग बोल्दा पनि समाजले नराम्रो मान्दो रहेछ । 'कसले के भन्ला, उसलाई कसरी चित्त बुझाऊँ' भन्दा-भन्दै मलाई आफ्नो उमेर गएको पत्तै भएन । आफ्नो भविष्य बिर्सेर, आफूलाई बिर्सेर आफ्नाहरूसँग राम्रो सम्बन्ध राखिरहन मरिहत्ते गरेँ । तर नाताले आफ्ना भएका मानिसहरूले मलाई 'राम्रो गरिस्' भनेर कहिल्यै भनेनन् । आज तपाईंले माया गरेको आभास पाएँ, त्यसैले आँशु थाम्न सकिनँ । आँखाबाट कतिबेला आँशु झरे, थाहै पाइनँ ।" यसो भनिरहँदा ऊ आँशु पुछिरहेकी थिई।

गाडी गुडिरहेको थियो । आ-आफ्ना सिटमा सबै निदाइरहेका थिए । चर्को आवाजमा स्वर्गीय नारायण गोपालको गीत गुन्जिरहेको थियो – "दुइटा फूल देउरालीमा साथै राखूँ जस्तो लाग्छ…।"

मलाई उसको बारेमा थप जान्न मन लाग्यो र प्रश्न सोधेँ, "तपाईँको श्रीमान् अनि छोरा छोरी … ?"

मेरो प्रश्न पूरा नहुँदै ऊ आफ्नो कहानी यसरी सुनाउन लागी –"म पढ्दै गर्दा मेरा बा बितेका थिए । बापछि मेरा दाजुले मलाई पढाउन चाहेनन् । त्यो समय सबैका छोरा-छोरी शहर पढ्न जान्थे । मैले पनि शहरबाटै बढो कठिनाइ साथ आई.ए. सम्मको पढाइ सकेकी थिएँ । बाको मृत्युपछि गाँस र बासको पनि कठिनाइ भयो । हुन त शहरमा पनि घर थियो, तर घर भए पनि पेटभरि खान मुश्किल भयो र खानकै लागि गाउँ फर्किन बाध्य भएँ । गाउँमा पेटभरि खान पाइन्थ्यो तर काम गर्नुपर्थ्यो । बा नभएपछि आमाको हुकुम चल्न छोडेको थियो ।

एक दिन दाजुले घरमा अगेनाको आगो ताप्दै गर्दा आमासँग कुरा गरे – "आमा ! बहिनीको लागि केटा खोजेर आएको छु । पढेलेखेका केटा छन् । जति पढे पनि के काम ? अर्काको घरमा जाने त हो । उमेर छिप्पिँदै छ, बुढीकन्या भइसकी । एक-दुई वर्षपछि कसैले विवाह गर्दैनन् । त्यही केटालाई दिऊँ ।"

आमाले अरू कुरा केही सोधिनन् । मलाई पनि दाजुले एक शब्द सोधेनन् । दाजुभन्दा उमेरले केही जेठा केटा केही दिनपछि मलाई हेर्न आए । कुन-कुन बहाना गरेर मलाई देखाएछन् । केटी हेरिसकेपछि 'हामीलाई नानी मन पर्यो । नानीलाई पनि सोध्नुस् । कुरा मिलेमा आजै विवाह गरौँ, लिएर जान्छौँ' भनेछन् । मलाई नसोधी ' बहिनीले मन पराइन्' भनेर विवाहको कुरा छिनियो । भोलि बिहान विवाह गर्ने भनेर टुंगो लगाएछन् । भोलिका लागि विवाहका सामान जुटाउन लागे ।

भाउजूले 'साडी किन्न मलाई बजार जाऊँ' भनिन् । केही नसोधी पछि-पछि लागेँ । 'दाजुले सस्तो सामान किन्न भन्नुभएको छ । अलि सस्तो साडीहरू देखाउनू साहुजी' भन्दै अर्डर गरिन् र केही थान सस्ता साडी किनिन् ।

भोलि बिहान सात बजे घरमा सामान्य जग्गे-मण्डपमा बस्यौँ । सबै विवाहको रमझममा सजिएका थिए । मैले कुर्ता सरवाल फेरेर रातो साडी र ब्लाउज लगाएँ । न गहना थिए न कुनै सृङ्गारपटार । तर भाउजू सुनका गहनाले पुरै छोपिएकी ! बेहुली सामान्य तर पाहुना र घरका अरू महिला सदस्य बेहुलीजस्ता देखिने ! यी दृश्यहरूले मनमा भालाले रोपेझैँ गहिरो पीडा भयो । आँशुले आँखा छोपिएका थिए, ओठतिर सिँगान पोतिएको थियो । विवाहको रमझममा बेहुलीको रुवाइले जन्ती होइन मरेको लास निकाल्दै छन् भनेजस्तै वातावरण भएको थियो । म धेरै रोएँ, चिच्याएँ, कराएँ । मुटु फुट्लाझैँ भयो । तर अहँ ! कति रोइस्, के भयो ? कसैले सोधेन । मेरो मनका इच्छाहरू त्यतिबेलै मरिसकेका थिए । सबै आफन्तले मसँगको साइनो मेटिसकेका थिए । लाग्थ्यो, अन्तिम बिदाइ गर्दै छन् । रुवाइको हिक्क-हिक्क आवाज र आँशुका सहस्र भेलबीच आफन्तहरूबाट बिदा भएँ । लाग्छ, मेरा रुवाइका शहरका गल्ली-गल्लीसम्म पुगेर गुञ्जिए । आकाशमा मेघ गर्जेझैँ गर्जियो पनि, तर तिनै आवाजलाई बेहुलीका माइती घरले सुनेन ।"

उनको कुरा सुनेर म पनि दुःखी भएँ । हाम्रा सम्बन्धहरू जति नजिक भए पनि दोबाटोमा भेटिएका दुई यात्री थियौँ ।

बस महेन्द्रनगरमा पुग्यो । अब मेरो यात्रा डडेलधुरातर्फ मोडियो । "दृशी मेडम" भनेर पछाडिबाट चिनेको आवाज आयो । फर्केर हेरेँ, मेरा अत्यन्तै मिलनसार सहयोगी मित्र रिदम पुडासैनी हुनुहुँदो रहेछ । "आउनुस्, बसौँ" भन्दै आतिथ्यता दर्शाए र नमस्कारको हात जोडे ।

यतिकैमा मेरा यात्रा-अवधिका साथी रोजिनाले उठ्दै गाडीबाट ओर्लिने प्रयास गरी । मैले रिदमलाई परिचय गराएँ । उसले अँध्यारो मुख बनाई । रिदम पनि अक्क न बक्क पर्यो । "अ… अ…" भनिरह्यो, अरू कुनै प्रतिक्रिया दिएन ।

ऊ गाडीबाट झरी । मैले नमस्कार र धन्यवाद भन्न बिर्सिइनँ ।

रिदम पुडासैनीलाई मैले चिनेको समय ऊ चालीस वर्षको अविवाहित पुरुष थियो । विद्युत् प्राधिकरणको असल कर्मचारी हो । सम्पन्न परिवारको जेठो छोरो । ऊ पनि सुन्दर थियो । पछि कलेजको अध्ययन सकेर जागिरतिर लागे । उसले मलाई राम्रो व्यवहार गर्थ्यो । मलाई पनि खुशी लाग्थ्यो ।

छोरी मान्छेलाई समाजले औँलो ठड्याएको दिन परिवारको इज्जतमा दाग लाग्छ भन्ने सुन्दै हुर्केकी म । मभन्दा बढी उमेरका मेरा भदैनीहरू पनि अविवाहित नै थिए । मैले गलत गरेँ भने उनीहरूलाई पनि नराम्रो दृष्टिले हेर्छन् भन्ने सोचाइ आउँथ्यो । त्यसैले, कहिलेकाहीँ बढेको जवानीको अन्धवेग पनि त्यही कारणले पछाडि सर्थ्यो । अनि उसले पनि कुरा बुझेझैँ गर्थ्यो । यसरी हामी असल साथी मात्रै भयौं ।

केही महिनापछि उसले विवाह गर्ने भएछ । एकदिन त्यो कुरा सुनायो । उसले मलाई विवाहको प्रस्ताव कहिल्यै राखेन; राखेको भए शायद …..

"तिमीलाई दाम्पत्य जीवनको शुभकामना" मैले बधाई दिएँ । ऊ खुशी भयो ।

"विवाहमा आउनुपर्छ" भनेको थियो । घरबाट बिदा दिने कुरै थिएन, हुन्छ चाहिँ भनेकी थिएँ ।

आज अचानक त्यही व्यक्ति मेरो सामु उभिएको थियो । सिटमा सँगै यात्रा गर्दै थियौँ । मैले यात्राका दौरानमा भेटिएकी साथी रोजिनाको विवरण सबै सुनाएँ । सँगै बसेको, खाजा खाएको र सँगै हामीले लिएको तस्बिर समेत देखाएँ ।

ऊ गम्भीर बन्यो । रुन्चे अनुहार लगाएर मलाई ग्वाम्लाङ्ङ अँगालो हाल्यो । मैले आत्तिएर "के गरेको यो ? पागल भयौ ?" भनेर जोडले घचेडिदिएँ । "सरी, माफ गर !" भन्दै ऊ अलि पर सर्‍यो ।

एकछिन दुवै बोलेनौं । उसलाई उकुसमुकुस भएको रहेछ र पोखिन थाल्यो - "मलाई तिमी अझै पीडा नदेऊ, भो । अब सहन सक्दिनँ म । तिम्रो प्रेममा पागल भएको म तिम्रै कारणले बर्बाद भएँ । तिमीलाई मैले अन्धो प्रेम गरिरहेँ । तिम्रो प्रेम, ऊसँगको विवाह ! इच्छा नहुँदानहुँदै स्वीकार गरिएको पारिवारिक बाध्यता । घरमा आमाबुवाले अब विवाह गर्नुपर्छ भन्न थाल्नुभयो । शुरुमा त मैले अस्वीकार गरेँ । तर बुढा आमाबुवाको अनुरोधलाई कतिन्जेलसम्म अस्वीकार गर्न सक्नु ! आमाबुवालाई बुढेसकालमा बुहारीको रहर लाग्यो; नाति नातिनाको रहर लाग्यो । 'हाम्रो लागि भए पनि विवाह गर' भनेर ढिपी गर्न थाल्नुभयो । बुवाले 'संस्कार भए पुग्छ, धनसम्पत्ति केही चाहिँदैन' भन्नुभयो र सामान्य परिवारकी केटी भएको घरमा कुरा राख्नुभयो । बुवाआमाको रोजाइमा भनेजस्तै केटीसँग बिहे भयो । समाजको साक्षी राखेर सिन्दूरले रोजिनाको सिउँदो मैले भरिदिएँ । आमाबुवाका लागि विवाह गरिदिएँ । घरमा बुहारी भएपछि भइगयो भनेर जागिरमा म तुरुन्त फर्किएँ र केही वर्ष घर फर्किनँ । तर, म घरमा नजाँदा उनका धेरै सपनाहरूलाई धुजाधुजा भएको मलाई हेक्कै रहेन ।

उनले आफ्नो पतिसँग प्राप्त गर्ने हरेक चाहनाहरूलाई मनभित्रै बन्धक राखेकी रहिछिन् र आखिर एकदिन त्यो विस्फोट भयो। मलाई माफ गर ! भर्खरै तिमीले जसको कुरा गर्यौ नी उनी अरू कोही नभएर तिनी नै हुन् । हो, तिनी नै हुन् ती अभागी महिला - मेरी विवाहित पत्नी ।"

कविता

## प्रश्नहरूको विज्ञप्ति



✍ जीवन आरोही

सखारै
यो सुदुर गाउँबाट आँसुको
झन्डा बोकेर
आउँदै छु देशको राजधानी
बोकेको छु दिमागको सुर्केनी
झोलामा
खुर्सानीजस्ता पीरा प्रश्नहरूको
फिलुङ्गो ।

मैले
केही हिसाब गर्नु छ
केही प्रश्नको उत्तरहरू माग्नु छ
तिमीसँग ।

मैले हिँड्नुअघि,
भोकको पटुका बाँधेर कम्मरमा,
अभावको साँवल र वितृष्णाको
पछ्यौरा भिरेको छु ।
र बोकेको छु बर्सौंदेखि
प्रश्नहरूको धारे ढुङ्गामा उब्जाएर
राखेको बेचैनीको तरबार
टिपेको छु दिमागी डायरीमा
र राजधानीसम्मको ठेगाना ।

हो, महाशय !
म भर्खरै
तिमीले उधारो सपना बेचेर
गएको
त्यही सुदूर ठेगानाबाट प्रश्न
गरिरहेछु
जस्तो कि, यता झुपडीमा जस्तै
कहिलेकाहीँ
हुन्छ कि हुँदैन तिम्रो अगेनामा
चिसो चुलो ?
भत्काउँछ, भत्काउँदैन वर्षे
झरीले मन
र आफ्नै हत्केला बिछ्याएर
बनाएको मायाको घर ?
उडाउँछ उडाउँदैन दुःख र
अभावको हुरीले
तिम्रो रङ्गीन सपनाको छानो ?
कि अघाउँछ सुदूरमा पहिरो
गएको खबरले
तिम्रो भोकको साम्राज्य ?

के कहिल्यै तिमीले
उठाउनुपूर्व लहलह तिम्रा
सपनाको फाँटहरूमा
पहिरो गएको भोगेका छौ ? कि
देखेका छौ ?
वर्षे बाढीमा घरसँगै डुब्दै उत्रदै
बगिरहेका
बा, आमा र नानीहरू ?

हेर,
यता, राजधानीबाहिर पनि छ
देश,
राजधानी बाहिर पनि
राजधानीको जस्तै इच्छा,
सपना र
आवश्यकताको आकाश छ ।

यता वर्षातले घरसँगै चिस्याउँछ
जाउली पाक्दै गरेको अगेनो
र चिस्याउँछ मनसँगै आँखाको
आँसु पनि
बरु एकोहोरो तातिन्छ रगत ।

किन बग्दैन तिम्रो राजधानीमा
संवेदना ?

झलमल उज्यालो हुन्छ तिम्रो
राजधानी
किन अँध्यारो छ
तिमीले भर्खरै सपना बेचिगएको
यो सुदूर गाउको अनुहार ?
भन, देशभित्र राजधानी हुन्छ कि
राजधानीभित्र हुन्छ देश ?

महाशय !
के अब मैले देशभित्रै अर्को देश
खोज्नुपर्ने हो ?
कि खोज्नुपर्ने हो युद्धमा
छापामारहरूले
छाडिआएको खन्जरहरूको
सन्दुक ?
म तिम्रै हस्ताक्षरित नागरिकता
बोकेर
असली देश खोजिरहेछु र
हेर्दै छु यो देशको नक्सा र उसले
ओगटेको आकाश ।

लौ तिमी नै भन,
के यो ढुङ्गा-माटो मात्रै हो देश ?

### सुर्खेत...

हजार क्षमताको इन्डोर रंगशाला निर्माण गरिने योजना पनि अघि सारिएको छ । यस्तै, सुर्खेतमा १० औं राष्ट्रिय राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने घोषणा गरेको सरकारले बजेटको अंक भने खुलाएको छैन । आगामी वर्षदेखि यातायातको सहज पहुँच नभएका कर्णालीका दुर्गम जिल्लामा एयर एम्बुलेन्स सेवा सुचारु गर्ने घोषणा सरकारले गरेको छ । यस्तै, कर्णाली र सुदुरपश्चिम लगायतका दुर्गम क्षेत्रमा टेलिमेडिसिन सेवा विस्तार तथा भिडियो कन्सल्टेसन मार्फत विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गर्ने नीति सरकारले लिएको छ । यस्तै, कृषि तर्फ कर्णालीमा स्याउ र ओखरको जोन बनाउने, हुम्लाको हिल्सामा पशु क्वारेन्टाइन स्थापना गर्नेदेखि कर्णालीमा जडिबुटी प्रशोद्धन केन्द्र स्थापना गर्नेसम्मका योजना अघि सारिएको छ । पर्यटनतर्फ सुर्खेतको काँक्रेविहारदेखि दैलेखको पञ्चकोशी र मुगुको रारालाई प्रादेशिक पर्यटकीय कोरिडोरको रुपमा विकास गर्ने महात्वाकांक्षी योजना संघीय सरकारले अघि सारेको छ । यस्तै, ग्रेट हिमालयन ट्रेल लगायत अन्य पदमार्गलाई रणनीतिक पदमार्गका रुपमा विकास खप्तड-रामारोशन-बडिमालिका बुढिनन्दा रारा स्वर्गद्धारी-मुक्तिनाथलाई जोड्ने गरी उच्च पहाडी पर्या-पर्यटन पदमार्ग (डाँफे रूट) को विकास गर्ने योजना संघीय सरकारले अघि सारेको छ ।

### वि.सं.२१७१...

नियन्त्रणको अचूक विधि पत्ता लगाएको घोषणा गर्यो । र तत्काल उक्त विधि प्रभावित क्षेत्रमा पठायो र तीन दिनमा नै सबै किराहरू समाप्त भए ।

चौथो दिन डा. अनन्तको अन्तरवार्ता प्रसारण भयो :

"यति छिटो यत्रो चमत्कार कसरी सम्भव भयो ?"

"यी पन्ध्र दिन हामीले न भोक, न प्यास भन्यौँ । न निद्रा भन्यौँ । हामीमाथि यो अकल्पनीय चुनौती आइलागेको थियो । यो किराको प्रकोप समग्र धर्तीकै लागि विनाशकारी सावित हुनसक्ने सम्भावना प्रवल थियो । त्यसको प्रभाव रोक्नु अपरिहार्य थियो र त्यही जिम्मेवारी बोधले थिचिएर हाम्रो अनुसन्धान टोली खटियो । सम्पूर्ण शक्ति लगाएर हामीले यो समस्या छिटै पार लगाउन सफल भयौँ ।"

"एउटा किराको मधुरो ध्वनि तरङ्गले यस्तो डरलाग्दो किरा समाप्त हुन्छ भन्ने कुरासम्म कसरी पुग्न सफल हुनुभयो ? के थियो त्यो प्रेरित गर्ने तत्त्व ?"

"कुनै कुनै कुरा हाम्रो प्रयत्न मात्रले प्राप्त हुँदैनन् । ती त नितान्त संयोगले पनि प्राप्त हुनसक्छन् । हामीले उच्च पहाडका वनका चउरतिर यी किराहरू गइरहेका छैनन् वा जान सकिरहेका छैनन् र त्यता गएका किराहरू मरेका छन् भन्ने कुरालाई समात्यौँ । फलस्वरूप हामीले केही किराहरू लिएर उच्च पहाडका वनका चउरतिर गयौँ । त्यहाँ यी किराहरू निस्क्रिय भए । साँचो अर्थमा ती किराहरू मरे । र पुनः ब्युँतिएनन् । यसको कारण के हुनसक्छ भनेर हामी सोचिरहेका थियौँ कि छेवैका एकजना गाउँलेले भने, झ्याउँकिरी करायो भने यो मर्दो रहेछ । बस् भएको यत्ति थियो । हामी नाच्न थाल्यौँ । अर्कोपटक जब हामीले झ्याउँकीरी नकराएको बेला यो दीप्तिकण्टक अष्टादशपदीलाई फेरि थिचेर मार्यौं । यो ब्युँतिएर आयो । अर्कोपटक झ्याउँकिरी कराएको बेला यो आफैं मर्यो । फेरि ब्युँतिएन । बस् भएको यत्ति थियो ।"

"अनि ?"

"अनि हामीले झ्याउँकिरीको आवाजको यान्त्रिक मोडेल बनायौँ त्यो कुनै गाह्रो काम थिएन । अहिले सबैतिर झ्याउँकिरीको त्यही आवाज गुञ्जायमान छ । यसरी एकपटक परीक्षण गर्नेबित्तिकै सफल भयो । अहिले यो समस्या पूर्णरूपले समाप्त भइसक्यो । सबै मानिसहरू आ-आफ्ना घरमा फर्किसक्नुभएको छ । दैनिक जीवन सामान्य हुँदै आएको छ ।"

"अब यो किराको समस्या सदाको लागि समाप्त भएको हो कि फेरि….. ?"

"हामीले यसको जीवित नमुना सुरक्षित राखेका छौँ । अब कतै फैलिहाले पनि नियन्त्रण गर्न कुनै समस्या छैन । तर समस्या के भने यस्ता मात्र नभएर अरू कुनै प्रकारका भाइरसहरू वा अर्कै स्वभाव भएका कीटपतङ्गहरू अरू कुनै नौलो प्रकारले प्रकट भई समस्या आउने कुरालाई नकार्न सकिन्न । तसर्थ हामीले आफ्नो काम गर्दा धेरै होश पुर्याउनुपर्छ । धर्ती अहिले पनि रहस्यको खानी हो । उसमा पनि कहिलेकाहीँ अन्तरीक्षबाट उल्कापात हुँदा यस्ता या अन्य स्वभावका कीटहरू बाहिरी अन्तरीक्षबाट धर्तीमा आउन सक्छन् । सबै प्रकारका समस्याहरूसँग जुध्न, त्यसबाट त्राण पाउन हामी हमेसा तयारी हालतमा बस्नुपर्छ ।"

## सुर्खेतमा पहिलोपटक महिला राष्ट्रिय क्रिकेट हुँदै

युग संवाददाता

सुर्खेत, १५ जेठ । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आगामी जेठ २२ गतेदेखि पहिलोपटक राष्ट्रिय स्तरको महिला क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ ।

सन् २०२७ मा नेपाल र बंगलादेशले संयुक्त रूपमा आयोजना गर्न लागेको आईसीसी यू-१९ महिला विश्वकपका लागि नेपाली टोलीको छनोट खेलका रूपमा यो प्रतियोगिता सञ्चालन हुन लागेको हो ।

कर्णाली प्रदेश क्रिकेट संघका सचिव श्रीधर केसीका अनुसार आगामी जेठ २२ गतेदेखि असार १ गतेसम्म सञ्चालन हुने यस यू-१९ राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा देशका ७ वटै प्रदेशका टोलीहरूले सहभागिता जनाउने छन् ।




कर्णालीको टोली बन्द प्रशिक्षण (Close Camp) मा प्रतियोगिता नजिकिएसँगै घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्यका साथ कर्णाली प्रदेशको छनोट भइसकेको टोली सुर्खेतमा बन्द प्रशिक्षण (Close Camp) मा व्यस्त रहेको छ । खेलाडीहरूलाई प्राविधिक तथा शारीरिक रूपमा सबल बनाउन विशेष प्रशिक्षण दिइराखिएको संघले जनाएको छ ।

कर्णालीमा दोस्रो राष्ट्रिय खेल, महिला क्रिकेटको भने पहिलो इतिहास भौतिक पूर्वाधार र खेलकुद गतिविधिमा क्रमशः अघि बढिरहेको कर्णाली प्रदेशका लागि यो प्रतियोगिता ऐतिहासिक कोसेढुङ्गा सावित हुने देखिएको छ । कर्णालीले गत वर्ष पहिलोपटक पुरुषतर्फको राष्ट्रिय क्रिकेट प्रतियोगिता सफलतापूर्वक आयोजना गरेको थियो । "कर्णालीको इतिहासमा यो दोस्रो राष्ट्रिय प्रतियोगिता हो, तर महिला क्रिकेटको इतिहासमा भने यो नै पहिलो राष्ट्रिय खेल हो" संघका सचिव श्रीधर केसीले बताए ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# 'गणतन्त्र सुदृढीकरणका लागि दलहरूबीच सहकार्य आवश्यक'



**युग संवाददाता**
**सुर्खेत, १५ जेठ ।**

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, सुदृढीकरण र संविधान कार्यान्वयनमा सबै राजनीतिक दल तथा नागरिक एकजुट हुनुपर्ने बताएका छन् ।

गणतन्त्र दिवसको अवसरमा शुभकामना दिँदै मुख्यमन्त्री कँडेलले जनताको बलिदान, त्याग र संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राजनीतिक इतिहासको गौरवपूर्ण उपलब्धि भएको बताए । उनले विभिन्न राजनीतिक आन्दोलनमा अग्रणी भूमिका खेल्ने नेताहरू, नागरिक समाज, राजनीतिक कार्यकर्ता तथा आम जनसमुदायको योगदानको उच्च प्रशंसा गर्दै गणतन्त्र दिवस जनताको सार्वभौम अधिकार स्थापित भएको ऐतिहासिक दिन भएको बताए ।

मुख्यमन्त्री कँडेलले संविधानअनुसार राज्य संयन्त्रमा भएका परिवर्तन जनताले प्रत्यक्ष अनुभूत गर्न सक्ने गरी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् । जनतालाई केन्द्रमा राखेर सञ्चालन हुने शासन प्रणालीले मात्रै गणतन्त्रलाई थप परिपक्व र सुदृढ बनाउन सक्ने उल्लेख गर्दै उनले गणतान्त्रिक व्यवस्थामा आचरण र व्यवहार पनि उन्नत तथा सुसंस्कृत हुनुपर्ने बताएका छन् ।

उनले कुनै पनि शासन प्रणाली संस्थागत हुन समय लाग्ने भन्दै विकास क्रममा कमीकमजोरी देखिनु स्वाभाविक भएको बताए । नागरिकका अपेक्षा पूरा नहुँदा असन्तुष्टि र आलोचना हुनु स्वाभाविक भए पनि त्यसलाई व्यवस्थाको असफलतासँग जोडेर गणतन्त्रमाथि प्रश्न उठाउने वा पुरानो व्यवस्थातर्फ फर्काउने प्रयास नेपाली जनताले स्वीकार नगर्ने उनले स्पष्ट पारेका छन् ।

# मानसिक स्वास्थ्यको सर्वाधिक समस्या 'चिन्ता र उदासिनता'



**युग संवाददाता**
**सुर्खेत, १५ जेठ ।**

कर्णाली प्रदेशसहित नेपालभरि नै मानसिक स्वास्थ्यको सर्वाधिक समस्या 'चिन्ता र उदासिनता' भएको तथ्याङ्क सार्वजनिक गरिएको छ । कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय सुर्खेतद्वारा वीरेन्द्रनगरमा आयोजित 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगसम्बन्धी समन्वय बैठक'मा नेपालसहित कर्णालीको मानसिक स्वास्थ्य अवस्थाको तथ्याङ्क सार्वजनिक गरिएको हो ।

बैठकमा मन्त्रालयका जनस्वास्थ्य अधिकृत महेश शर्माले नेपालमा ४० प्रतिशतमा चिन्ता र २८ प्रतिशतमा निराशा रहेको तथ्याङ्क प्रस्तुत गरे । कर्णालीमा पनि मानसिक स्वास्थ्य समस्यामा सबैभन्दा बढी 'चिन्ता र उदासिनता' देखिएको तथा त्यो नेपालकै तथ्याङ्कसरह रहेको उनले बताए । उनले कर्णालीमा यो समस्या व्यापक बन्दै गएको भन्दै आर्थिक वर्ष २०७९/८० मा तीन हजार ६८५, आव २०८०/८१ मा १४ हजार १८१, आव २०८१/८२ मा १५ हजार १२० र २०८२/८३ मा नौ हजार ३१९ जनामा मानसिक स्वास्थ्य समस्या देखिएको बताए । उनका अनुसार चालु आर्थिक वर्षको अन्तसम्म यो सङ्ख्यामा वृद्धि हुने देखिन्छ । तथ्याङ्कअनुसार आव २०८१/८२ आत्महत्या प्रयास गर्नेको सङ्ख्या २०३, एक हजार ४६२ जनामा कन्भर्जन, सात हजार ४८९ जनामा उदासिनता र १५ हजार ४५० चिन्ता रोग देखिएको छ । कर्णालीमा ६८ प्रतिशत महिला र ३२ प्रतिशत पुरुषमा मानसिक स्वास्थ्य समस्या देखिएको तथ्याङ्कमा उल्लेख छ ।

त्यस्तै, सिएमसी नेपालका प्राविधिक निर्देशक तथा मनोवैज्ञानिक डा पशुपति महतले मानसिक स्वास्थ्य समस्याका क्षेत्रमा देशका चार प्रदेश, ५४ जिल्लाका २१५ पालिकामा काम गर्दै आएको बताए । डोल्पा र हुम्लाबाहेक कर्णालीका आठ जिल्लाका ३३ पालिकामा आफ्नो कार्यक्षेत्र रहेको बताउँदै उनले बालबालिका तथा किशोरीसहित मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

बैठकमा सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कर्णाली प्रदेश नेपालको सातै प्रदेशमध्ये मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग रणनीति निर्माण गर्ने पहिलो प्रदेश भएको बतो । कर्णालीका आठ जिल्लाका २७ पालिकास्तरमा पनि मानसिक स्वास्थ्य नीति तथा रणनीति बनेको जनाउँदै प्रदेश सरकारको रणनीति कार्यान्वयनमा सरकार प्रतिबद्ध भएको लागेको बताए ।

मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले विशेष जनशक्ति खाली नहुनेगरी प्रदेश अस्पतालमा व्यवस्थापन गर्ने बताए । उपलब्ध जनशक्तिको परिचालन कसरी गर्ने भन्नेमा पनि मन्त्रालय गम्भीर रुपले अगाडि बढेको सचिव श्रेष्ठले बताए ।

उक्त बैठकमा स्वास्थ्य सेवा महाशाखा प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक वृषबहादुर शाही, कर्णाली प्रदेश अस्पतालमा मानसिक रोग विशेषज्ञ डा सुशील समदर्शीलगायतले मानसिक स्वास्थ्य समस्या समाधानमा सबै सरोकारवालाको साझा प्रयास आवश्यक रहेको बताएका थिए ।

# बाँकेका ६ स्थानीय तहमा झण्डै ३३ करोड बेरुजु, प्रतिशतमा जानकी अगाडि

**युग संवाददाता**
**बाँके ,१५ जेठ ।**

बाँके जिल्लाका ६ वटा स्थानीय तहमा आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षणबाट करिब ३३ करोड रुपैयाँ बेरुजु देखिएको छ । महालेखा परीक्षकको ६३औँ वार्षिक प्रतिवेदनअनुसार ती स्थानीय तहको कुल १३ अर्ब ८१ करोड २० लाख ३२ हजार रुपैयाँको लेखापरीक्षण गर्दा ३२ करोड ९९ लाख ६७ हजार रुपैयाँ बेरुजु कायम भएको हो ।

प्रतिवेदनअनुसार बेरुजु प्रतिशतका आधारमा जानकी गाउँपालिका जिल्लामै सबैभन्दा अगाडि रहेको छ । गाउँपालिकाको एक अर्ब २९ करोड ४९ लाख ८५ हजार रुपैयाँको लेखापरीक्षण गर्दा चार करोड ४३ लाख ६० हजार रुपैयाँ अर्थात् ३.३४ प्रतिशत बेरुजु देखिएको छ ।

रकमका आधारमा भने सबैभन्दा बढी बेरुजु नेपालगन्ज उपमहानगरपालिकामा देखिएको छ । उपमहानगरपालिकाको तीन अर्ब ८७ करोड ९५ लाख १५ हजार रुपैयाँको लेखापरीक्षण हुँदा १० करोड ६५ लाख ७५ हजार रुपैयाँ बेरुजु कायम भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यस्तै, कोहलपुर नगरपालिकाको दुई अर्ब ६५ करोड ५३ लाख ३५ हजार रुपैयाँको लेखापरीक्षण गर्दा चार करोड ४४ लाख ३२ हजार रुपैयाँ बेरुजु देखिएको छ । खजुरा गाउँपालिकाको एक अर्ब ९३ करोड ७८ लाख ३२ हजार रुपैयाँको लेखापरीक्षणबाट चार करोड ३४ लाख ८० हजार रुपैयाँ बेरुजु कायम भएको छ ।

बैजनाथ गाउँपालिकामा एक अर्ब ९५ करोड ३८ लाख ५९ हजार रुपैयाँको लेखापरीक्षण गर्दा ६ करोड ४१ लाख १९ हजार रुपैयाँ बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।

यता, राप्तीसोनारी गाउँपालिकाको बेरुजु प्रतिशत भने जिल्लाका ६ स्थानीय तहमध्ये सबैभन्दा कम रहेको छ । गाउँपालिकाको दुई अर्ब ९ करोड ५० लाख ६ हजार रुपैयाँको लेखापरीक्षण गर्दा दुई करोड ८१ लाख एक हजार रुपैयाँ अर्थात् १.३४ प्रतिशत बेरुजु कायम भएको छ ।

महालेखा परीक्षकको ६२औँ वार्षिक प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाका स्थानीय तहहरूको १५ अर्ब ४९ करोड ३२ लाख १२ हजार रुपैयाँको लेखापरीक्षण गर्दा ३५ करोड ७८ लाख २८ हजार रुपैयाँ बेरुजु देखिएको थियो । यस वर्ष बेरुजु रकम केही घटे पनि वित्तीय अनुशासन र खर्च व्यवस्थापनमा अझै चुनौती कायम रहेको देखिन्छ ।

महालेखा परीक्षकको कार्यालयका अनुसार गत आर्थिक वर्षमा केही स्थानीय तहले अनुकूल अवस्था नभएको जनाउँदै लेखापरीक्षण गराएका थिएनन् । साथै आन्दोलनका कारण कार्यालयमा क्षति पुग्दा आवश्यक कागजात व्यवस्थित रूपमा उपलब्ध हुन नसक्दा केही स्थानको लेखापरीक्षण प्रभावित भएको जनाएको छ ।

## प्राविधिक...

नभई कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका विद्यार्थीहरूको ठूलो आकर्षण छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को मापदण्डअनुसार भर्ना र छात्रवृत्ति वितरण हुने यस शिक्षालयमा डिप्लोमा र प्रिडिप्लोमा तहमा विद्यार्थीको सङ्ख्या उत्साहजनक देखिन्छ ।

प्रिडिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एन्ड एसी र सेक्रेटियल र डिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्षमा पढाइ हुने गरेको छ । "भेरी प्राविधिक शिक्षालयको सबैभन्दा बलियो पक्ष भनेकै यसको रोजगारमुखी शिक्षा हो, यहाँबाट उत्पादित जनशक्ति बेरोजगार बस्नु पर्दैन", प्रिन्सिपल श्रेष्ठले भन्नुभयो, "बजारमा हाम्रा विद्यार्थीको माग निकै उच्च छ, उद्योगहरूले मागेजति जनशक्ति हामीले उपलब्ध गराउनै सकेका छैनौं ।"

विशेषगरी औद्योगिक करिडोरका रूपमा विकास भइरहेको यस क्षेत्रका उद्योगहरूका लागि भेरी प्राविधिक शिक्षालय जनशक्ति आपूर्ति गर्ने मुख्य स्रोत बनेकाले यहाँ अध्ययनरत विद्यार्थीले कोर्ष पूरा नहुँदै रोजगारीका अवसर पाउने गरेको शिक्षालयका प्रिन्सिपल श्रेष्ठको भनाइ छ । भेरी प्राविधिक शिक्षालयमा डिप्लोमा लेभल इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्षमा आर्थिक वर्ष २०७९/८० मा १३५ पुरुष र ५१ महिला गरी १८६, आव २०८०/८१ मा १३३ पुरुष र ५४ महिला गरी १८७, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा ११६ पुरुष र ६५ महिला गरी १८१ विद्यार्थीले अध्ययन गरेका छन् ।

प्रि-डिप्लोमा तर्फका इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एन्ड एसी र सेक्रेटियल कोर्षमा आव २०७९/८० मा १७५ पुरुष र ५२ महिला गरी २२७, आव २०८०/८१ मा १५७ पुरुष र २६ महिला गरी १८३, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा १३१ पुरुष र २१ महिला गरी १५२ विद्यार्थीले अध्ययन गरेका छन् ।

बजारको मागअनुसार शिक्षालयले नयाँनयाँ कार्यक्रम र कोर्षहरू थप्दै लगे पनि ती कार्यक्रमलाई धान्ने भौतिक पूर्वाधार र स्रोतसाधन भने वर्षौंदेखि थपिएका छैनन् । पुराना कक्षाकोठा, सीमित प्रयोगात्मक प्रयोगशाला र आवश्यक प्राविधिक सामग्रीको अभावका बीच पनि शिक्षालयले गुणस्तर कायम राख्न सङ्घर्ष गरिरहनु परेको प्रिन्सिपल श्रेष्ठले बताए ।

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।